कीर्तिपुरको चित्रण

# कीर्तिपुर सन्देश

साप्ताहिक

KIRTIPUR SANDESH WEEKLY

वर्ष ३ अंक १०३ ने. सं. ११३३ दिल्लागा पारु बुधवाः २०७० साउन ९ गते बुधवार (Jul -24 2013) मुल्य : ५/– (न्यातका)

## कीर्तिपुरमा सडक विस्तार कार्यको मापदण्ड खारेज गर्न माग गर्दै आन्दोलन

# बन्द, हडताल र सिंहदरवार घेराउ गर्ने चेतावनी

*कीर्तिपुर सन्देश*

कीर्तिपुर नगरपालिका क्षेत्रमा सडक विस्तार विरुद्ध संघर्ष समिति र मूलवासी नागरिक समाजको आयोजनामा गत साउन ५ गते शनिवार कीर्तिपुर स्थित गोरखनाथ मा.वि.को प्रांगणमा नगर बासीहरूको एउटा बृहद सभा सम्पन्न भयो।

उक्त सभाले कीर्तिपुर नगर क्षेत्रमा काठमाडौं उपत्यका नगर विकास प्राधिकरण र कीर्तिपुर नगरपालिकाले प्रस्ताव गरेको सडक विस्तार कार्यको मापदण्ड खारेज गर्नु पर्ने निर्णय गऱ्यो।

पूर्व मन्त्री मणी लामाले मूलबासी नेवाः समुदायको आन्दोलनमा तामाङ समुदाय पनि काँधमा काँध मिलाएर अघि बढ्ने छ भन्नुभयो।

मूलवासी नागरिक समाजका संयोजक विधु प्रकाश कायस्थ, आदिवासी जनजातिहरूको मानव अधिकारका लागि वकिलहरूको समुह (लाहुर्निप)का सचिव अधिवक्ता शंकर लिम्बु, संघर्ष समितिका संयोजक कृष्णहरि महर्जन र किरण मानन्धरले पनि बोल्नु भएको थियो।




सो सभाले साउन ७ गते नगरपालिकामा ज्ञापनपत्र बुझाउने निर्णय गरेको थियो। सो निर्णय अनुसार गत साउन ७ गते सोमवार मूलबासी नागरिक समाज र कीर्तिपुर सडक विस्तार विरुद्ध निर्मित संघर्ष समितिको अगुवाइमा कीर्तिपुरमा जुलुससहित विरोध प्रदर्शन भयो।

उक्त विरोध जुलुसले कीर्तिपुर नगरपालिका कार्यालयमा ज्ञापनपत्र बुझाउन जाँदा कार्यकारी अधिकृत, बरिष्ठ इन्जिनियर, वरिष्ठ लेखापाल लगायत कुनै पनि जिम्मेवार कर्मचारी कार्यकक्षमा उपस्थित थिएन। नगरपालिका कार्यालय प्रांगणमै एक सभाको आयोजना भयो। उक्त सभामा मूलवासी नागरिक समाजका राष्ट्रिय संयोजक विधु प्रकाश कायस्थले मूलवासीहरूको बसोबास रहेको कीर्तिपुर नगरमा कीर्तिपुरका मूलबासीहरूको सहमति बिना सरकार तथा सरकारका कुनै पनि निकायले विकास निर्माण कार्य गर्न नपाउने र त्यस्को प्रतिकार गर्न नगर बासीहरूको आन्दोलनलाई मूलबासी नागरिक समाजले सँधै साथ दिने छ भन्नुभयो। आदिवासी जनजातिहरूको मानव अधिकारका लागि वकिलहरूको समुह (लाहुर्निप)का सचिव अधिवक्ता शंकर लिम्बुले मूलबासीहरूको सहमती बिना तिनीहरूको घरधुरी भत्काउनु राष्ट्रिय तथा अन्तर राष्ट्रिय कानुनको उल्लंघन गर्नु हो भन्नुभयो। उहाँले कीर्तिपुरका मूलबासीहरूको थाकथलोको रक्षाका लागि आन्दोलनमा लाहुर्निपले साथ दिने प्रतिवद्धता जनाउनु भयो।

कीर्तिपुर नगरपालिका क्षेत्रमा सडक विस्तार विरुद्ध संघर्ष समितिका संयोजक कृष्णहरि महर्जनले सडक विस्तार योजनाको मापदण्ड तत्काल खारेज गर्न कीर्तिपुर नगरपालिकामा ज्ञापनपत्र बुझाएको र सो खारेजीको दवाव दिन बन्द, हडताल लगायत आवश्यक परेमा सिंहदरवार घेराउ गर्न पनि कीर्तिपुरवासीहरू तयार रहेको बताउनु भयो।

दुई घण्टा बस्दा पनि कोही जिम्मेवार व्यक्ति कार्यालयमा नआएपछि आन्दोलनकारीहरू ज्ञापनपत्र दर्ता गराएर फर्केका थिए।

यहाँ जाँड-रक्सी, चुरोट, गाँजा तथा ड्रग्सको कुलत छुटाउने विशुद्ध जडिबुटी पाईन्छ। सम्पर्कः– फिट्नेस प्वाइन्ट ट्रेडिङ्ग, फोन ४३३६७०१,९८०३५०२२५९

# हार्दिक बधाई

**दर्शन मोबिकेयर तथा मोबिल्याण्ड इलेक्ट्रोनिक प्रा.लि.** बाट उपहार प्राप्त हुने सम्पूर्ण ग्राहक महानु भावहरूलाई हार्दिक बधाई



शैली तामाङ



साधुराम महर्जन



संजय कपाली

दर्शन मोबिकेयर प्रा.लि.

नयाँबजार, कीर्तिपुर–३, फोन ४३३६७७६, ४३३२०५७

# कोरियन भाषाकक्षाहरु

धमाधम सञ्चालन

**प्रशिक्षकहरुः**

दक्ष, अनुभवी, वरिष्ठ र अनुवादक

विगतवर्षहरुका विद्यार्थीहरुले १००% नतिजा ल्याउन सफल

***Our Services:***

- All students are given a copy of the ***New Korean Course Book*** and ***Self Study Book*** and ***CDs*** Listening practice
- The courses provide guidance and practice in all aspects of Korean Learning [Speaking, listening, reading, writing]
- The course focuses on the exam techniques required to succeed at EPS-TOPIK or class time is mostly devoted to speaking and communication practice and reading and writing tasks are set as homework
- Self study tests are available at Valley Institute, Kirtipur & Bagbazar & Power Point facilities [Projector Classes]
- After course Complete, there is Bonus classes or Revision classes with Exam Tips

# VALLEY INSTITUTE

Time: Morning, Day & Evening

Ph: 01-4332509/9849421216

Near Kirtipur New Gate

कानुनी सल्लाहकार
ज्ञानबहादुर महर्जन
प्रकाशक/प्रबन्ध सम्पादक
नजरराम महर्जन
सम्पादक
श्रीकृष्ण महर्जन
प्रबन्धक
निरजमान सिंह

व्यवस्थापन
भरत महर्जन, सनम श्रेष्ठ
वेभसाइट व्यवस्थापन
राज श्रेष्ठ
प्रेसः शर्मीला प्रिन्टर्स, डल्लु, काठमाण्डौं
कार्यालयः निखासी टोल: कीर्तिपुर नपा-३
फोन नं.: ४३३३००७,
९८४१४०१०७७
kirtipur_sandesh@live.com
http://kirtipursandesh.blogspot.com

काठमाण्डौं जि. प्र. का दर्ता नं. २११ –२०६७/०६८


## सम्पादकीय

# अधिकारको सवालमा विवाद

**मुलुकमा संविधानसभाको अर्को निर्वाचनको माध्यमवाट नयाँ संविधान निर्माण गर्न सबै जसो दलहरु सहमति भएतापनि बास्तवमा त्यो प्रक्रियाका लागि कस्ले पहलकदमी लिने र अधिकार कस्को हातमा दिने भन्ने विषयमा भने नेताहरु विवादीत रहेका छन् ।**

**चार राजनीतिक शक्ति अब निकासका लागि गोलमेच सभा अर्थात सम्मेलन गर्न तयार रहेतापनि संविधानसभाका लागि आवश्यक मितिदेखि अन्य सवालमा निर्णय गर्ने अधिकार भने गोलमेच सभालाई नदिने नियतले घोषित मितिमै चुनाव हुनुपर्ने र गोलमेच सभामा चुनावको सवाल बाहेकको विषयमा छलफल गर्न सकिने बताउँदै आएका छन् ।**

**उता मोहन बैद्यले नेतृत्व गरेको डायस् माओवादी, सो पार्टीसंग मोर्चाबन्दीमा लागेका ३३ दल, मधेसी जनअधिकार फोरमका अध्यक्ष उपेन्द्र यादवको नेतृत्वमा रहेको मोर्चा र संघीय समाजवादी पार्टीले गोलमेच सभालाई नै सम्पूर्ण अधिकार दिनुपर्ने माग गर्दै आएका छन् ।**

**अव चुनावकालागि कस्को हातमा अधिकार दिने अर्थात चुनावको विषयमा कस्ले निर्णय गर्ने भन्ने विषयमा विवाद भएकै कारणले गोलमेच सभा हुन नसकिरहेको अवस्था छ । अतः सो अधिकारको विषयमा सहमति भए मुलुकले निकास पाउने अवस्था छ ।**

## 'कुठाराघाट योजना विफल पारौं हाम्रो वसोवास सुरक्षित राखौं'



राम महर्जन
कीनपा–१६, नगाउँ

तेतिस दलका सही आवाज
चारदालका शीर्ष नेताहरुले
सहज स्वकार नगरे सम्म
दुई हातको ताली बज्दैन यहाँ ।
केन्द्रदेखि गाउँ तहसम्म
यही अवस्था कायम देखिन्छ
चारदलका हैसियतवालाहरूले
गाउँ शहर नचाई रहयो ।
फराकिलो बाटो बनाउने भन्दै
सडक छेउछाउका वासिन्दालाई
विना मुआब्जा घर टहरा भत्काउँदै
शक्ति दुरुपयोग गर्दैछ यहाँ ।
वस्ती विकास गर्ने भन्दै
अन्न सागपात उब्जाउ जग्गा
जग्गा धनीसँग रकम उठाई
ड[redacted]दै छ यहाँ ।
प[redacted] मानिसहरूलाई
[redacted] बनाउन
[redacted] जनताहरूलाई
[redacted] ल्याउँदै छ यहाँ ।
[redacted] बुझौं
[redacted] मिलौं
[redacted] विफल पारौं
[redacted]क्षित राखौं ।

# एउटा गुमेको देश सिक्किमको कथा

**–इन्द्रजीत मुखिया–**

**सिक्किमको विगत र नेपालको भविष्य**

नेपालसँग सिमाना जोडिएको हिमाली अधिराज्य सिक्किम सन् १९७५ मा भारतको बाईसौं राज्य बन्न पुगेको थियो । आन्तरिक राजनीतिक द्वन्द्व चर्केर परनिर्भरता बढ्दै गएपछि त्यहाँको संसदले नै भारतमा गाभिने प्रस्ताव पारित गरेपछि त्यो देशको स्वतन्त्र इतिहास समाप्त भयो । त्यसको निम्ति वातावरण बनाउने काम उसबेला भखैरै स्थापित भारतीय गुप्तचर निकाय 'र' ले गरेको थियो भने त्यो प्रक्रियाको औपचारिक नेतृत्व दिल्लीबाट पठाइएका कुटनीतिज्ञ बी.एस दासले गरेका थिए । नेपालका लागि पूर्वराजदूत केभी राजनले सम्पादन गरेको हालै प्रकाशित पुस्तक 'दी एम्बासडर्स क्लबः दी इन्डियन डिप्लोम्याट एट लार्ज' मा दासले आफ्नो सिक्किम अनुभव लेखेका छन् । प्रस्तुत छ, त्यसको अनुवादित अंश :

७ अप्रिल १९७३ को मध्यान्ह । म लन्च खाँदै थिएँ । विदेश सचिव केवल सिंहको फोन आयो । उनले मलाई तुरुन्त आउन भने । म हतार हतार फरेन अफिस पुगें । उनले बडो हार्दिकतापूर्वक मेरो स्वाग गरेर भने, "तपाईंलाई तुरुन्तै सिक्किम सरकारको जिम्मेवारीमा पठाईदै छ । सिक्किम प्रशासन कोल्याप्स भएको छ र चोग्याल (सिक्किमका राजा) ले हाम्रो सहयोग खोजेका छन् । त्यहाँका जनता प्रजातान्त्रिक प्रणालीको माग गर्दै सडकमा उत्रेका छन् । तपाईं जतिसक्दो चाँडो पुगेर जिम्मेवारी सम्हाल्नु पर्नेछ । त्यहाँको स्थिति फेरि सामान्य बनाउनु पर्नेछ र जनताको मागलाई ध्यानमा राखेर राजनीतिक समाधान खोज्नु पर्नेछ। यो अलि कठिन 'असाइनमेन्ट' हो। तपाईं त्यो अवस्था सम्हाल्न सक्नुहुन्छ र तपाईंको कूटनीतिक क्षमतामाथि हामीलाई विश्वास छ।

चिनियाँ प्रतिक्रिया बारे उनले मलाई सचेत हुन पनि भने । भारतीय सेना सतर्क अवस्थामा थियो । उनले सफलताका लागि मलाई शुभकामना दिए । विदेश मन्त्रालयमा एक दिनको ब्रिफिङपछि ९ अप्रिलमा म ग्यान्टोक पुगें । मेरो नियुक्तिलाई रेडियो र अखबारहरूले प्रमुख समाचार बनाइसकेका थिए । समाचारमा उनीहरूले 'सिक्किमलाई भारतले लिएको' उल्लेख गरेका थिए ।

सिलिगुडीबाट एयर फोर्सको हेलिकप्टर चढेर म ग्यान्टोक पुगें । हेलिप्याडको दुवैतर्फ चोग्याल विरोधी प्रदर्शनकारी थिए, जसको नेतृत्व काजी लेन्डुप दोर्जीले गरेका थिए । भारतको राजनीतिक कार्यालयका सुधीर देभारे, सिक्किमका मुख्यसचिव, प्रहरी कमिस्नर र भारतीय सेनाका प्रतिनिधि सबैले मेरो स्वागत गरे । समारोह नै गरी मलाई ड्याममा बसाइयो । पहिले देवानहरू बस्ने घरमा मेरो बसोबासको प्रबन्ध गरिएको थियो । त्यहाँसम्म म हिँडेर गएँ । त्यो लामो र थकाइ लाग्ने हिँडाइ थियो । तर, त्यो अनेकन रहस्यहरूले भरिएको रोमाञ्चकारी अनुभव पनि थियो । मेरो लामो करियरमा यसरी स्वागत पाएको यो नै पहिलो अवसर थियो ।

अर्को दिन मैले चोग्यालसँग भेट्न समय मागें । उनका सचिवले मलाई जानकारी गराए कि उनले आफ्ना ज्योतिषसँग परामर्श गरेपछि शुभअवसर पारेर भेट्नेछन । भारतीय प्रधानमन्त्रीले सिक्किम सरकार चलाउन मलाई प्रतिनिधिका रूपमा खटाएको भए पनि चोग्याल त्यहाँका शासक थिए र संविधानतः म उनका लागि नियुक्त भएको व्यक्ति थिएँ । उनले अर्को दिन मलाई भेटे, जुन दिन उनका ज्योतिषले शुभदिन ठहऱ्याएका थिए ।

हाम्रो भेटघाट अप्ठ्यारो र रुखो खालको थियो । कूटनीतिक स्कार्फ आदानप्रदानको सामान्य औपचारिकतापछि चोग्यालले भने, "मिस्टर दास, कृपया नोट गर्नुहोस् सिक्किम गोवा होइन, जहाँ तपाईं प्रशासक बन्न आउनु भएको छ । हामी स्वतन्त्र छौं, तपाईंको सेवा मेरो सरकारलाई सहयोग गर्न लिइएको हो । यसमा कुनै असमझदारी नहोस् ।"

त्यसपछि उनले दिल्लीले आफूलाई कसरी खराब व्यवहार गऱ्यो र कसरी आफूप्रति अन्याय गरियो भनी गाली गर्न सुरु गरे । काजी लेन्डुप दोर्जीका मानिस कसरी सिक्किमको परिचय ध्वस्त गर्न गुन्डागर्दीमा उत्रिए भनी उनले असन्तुष्टि ब्यक्त गरे । उनले मलाई दिल्लीलाई यो बताउन भने कि, "दिल्लीको असली मित्र सडकमा आतंक र हिंसा मच्चाउँदै हिँड्ने गुन्डाहरू होइनन्, ममात्र हुँ ।' भारतीय सेनाका मानार्थ मेजर जनरल भए पनि यही सेनाले अनादर गर्दा उनी हैरान भएका थिए । भारतीय सेनाले सबै प्रहरी चौकीहरू नियन्त्रणमा लिएको थियो । "म यो अपमानका लागि भारतीय सेनालाई कहिल्यै माफ गर्न सक्दिनँ ।" उनले भने ।

अन्ततः उनले यो पनि भनें, उनी प्रशासक को मेरो पद स्वीकार्न सक्दैनन् । मैले कूटनीतिक भाषामा भनें, "सायद प्रमुख कार्यकारी भनेर यसको नाम फेर्न सकिएला । चतुर व्यक्ति भए पनि उनले यसमा सूक्ष्म अन्तर बुझेनन् । प्रमुख कार्यकारीले स्वतः सरकार प्रमुखको पद जनाउँछ, जसले सबै कार्यकारी शक्ति आफूसँग राखेको हुन्छ । यो कुरा विचार नगरेरै उनी यसमा राजी भए र, मैले यसमा विदेश सचिवको सहमति पाएँ । यसरी प्रशासकको नियुक्ति लिएर गएको म सिक्किमको प्रमुख कार्यकारी भएँ, यसअघि चोग्यालले शासकका रूपमा प्रयोग गरेका सबै शक्तिका साथ सरकारको नेतृत्व गर्न पुगें । न्यायिक शक्तिचाहिँ अझै उनीसँगै थियो, आखिरमा सिक्किमको उच्च न्यायालयपछि अपिल सुन्ने उनी नै थिए ।

चोग्याललाई भेटेर निस्केपछि म सिधै शंकर बाजपेयीलाई भेट्न इन्डिया हाउस गएँ । बेलायती शासकहरूले २० औं शताब्दीको सुरुतिर बनाएको यो भवन बेलायती शक्तिको प्रतिकजस्तो थियो, जहाँ भुटान र सिक्किम हेर्ने गरी सर क्लाउडे व्हाइट सन् १९०४ मा पहिलो राजनीतिक अफिसरका रूपमा बसेका थिए । त्यहाँ पिउन बस्दा हामीले स्वतन्त्रता प्राप्तिपछिको सरकारले गरेका गल्तीहरू सच्याउन सक्छौं भन्ने थोरै अनुभव गऱ्यौं ।

मैले केवल सिंहबाट प्राप्त गरेको निर्देशन के थियो भन्नेबारे शंकर जान्न चाहन्थे । मैले सानो डायरीमा केही प्रमुख बुँदाहरू टिपेको थिएँ । यी कुनै पनि बुँदाहरूले अन्तिम उद्देश्यको संकेत दिएका थिएनन् । इन्दिरा गान्धीको विशेषता के थियो भने, साधारणतया उनी स्वयं कुनै राजनीतिक प्रतिवद्धतामा बाँधिन चाहन्नथिन् । उनको दृष्टिकोणसँग मिल्ने के निष्कर्ष निकाल्ने भन्ने काम उनी आफ्ना निकट सल्लाहकारलाई छाड्थिन् । (इन्दिराको) एउटा निर्देशनमा शंकर र म मुस्कुरायौं, सिक्किमेली जनताको आकांक्षाको हामीले समर्थन गर्नैपर्छ र चोग्याललाई उनीहरूको शोषण गर्न दिनु हुँदैन ।

वास्तवमा भविष्यमा गरिने सबै योजना बनाउने मुख्य निर्देशन यही थियो र श्रीमती गान्धीको सोचाइसँग मिल्ने उत्तर पनि यसैले दिन्थ्यो । 'विलय' भन्ने शब्द कहीं कतै उल्लेख गरिएको थिएन । पर्दा पछाडि बसेर हामीलाई नियन्त्रण गर्ने केवल सिंहले पनि यो शब्द कहिल्यै उच्चारण गरेनन् । तर शंकर र मलाई नभनिएका यी कुराहरू थाहा थियो । यसले हामीलाई एकताका लागि सक्षम बनायो र हामीले त्यही प्राप्त गऱ्यौं, जुन हामीले प्राप्त गर्नु थियो ।

चीन र पाकिस्ताको द्वैषपूर्ण हमला दिल्लीमाथि भयो । अमेरिका लगायत पश्चिमा देशहरूले पनि गम्भीर आलोचना गरे, जसले हामीमाथि ठूलो दबाब उत्पन्न गऱ्यो । रुसी महासंघले संयम अपनाउन आग्रह गरेको थियो, बाँकी सबैले भारत साम्राज्यवादी भएको भन्दै प्रहार गरेका थिए । सिक्किमसँग जोडिएको भूटान सिक्किमलाई मन पराउँदैनथ्यो । यो सब हुँदा ऊ चुपचाप थियो तर पनि उसलाई लागेको थियो कि भुटानलाई अलग पारिएको छ । ७५ प्रतिशत सिक्किमेली नेपाली मूलका थिए तर नेपालचाहिँ भारतको सबभन्दा ठूलो आलोचक थियो ।

तिब्बत हुँदै आएका चिनियाँहरू नाथुला सीमाको दायाँतर्फ तैनाथ थिए । नाथुला कुनै बेला भित्री तिब्बतमा बेलायती राजनीतिक र आर्थिक प्रभुत्व जमाउने मुख्य नाका थियो । ऐतिहासिक प्रमाणका आधारमा सिक्किमले तिब्बतमा परेका दुई भूभागमाथि दाबी गरेको थियो । त्यो चीनले ओगटेको थियो । पुरै सिक्किम नै चिनियाँ साम्राज्यको एउटा भाग हो भन्ने चीनको दाबी थियो । सिक्किम सरकारको पतनपछि भारतको राजनीतिक उपस्थिति बढेकोप्रति चीनले चासो राखेको थियो । आफूप्रति अन्तर्राष्ट्रिय प्रतिक्रिया त्यति साह्रो आलोचनात्मक होला भनेर भारतले पहिले सोचेको थिएन ।

मुख्य मुद्दाहरू चाँडो सुल्झियोस् भन्ने भारत चाहन्थ्यो । जस्तो कि, एक व्यक्ति एक मतका आधारमा ताजा निर्वाचन । विपक्षीको यस्तो मागप्रति चोग्याल अति असहिष्णु थिए । ७५ प्रतिशत नेपाली मतदाता भएको ठाउँमा चुनाव भयो भने आफ्नो नेतृत्वको भुटिया शासनको अन्त्य हुन्छ र आफूले सबै शक्ति गुमाउँछु भन्ने उनलाई थाहा थियो ।

सिक्किमको अवस्था सामान्य बनाउन, कुनै खास घटना बिनै यसको प्रशासन चलाउन, अदालतमाथि नियन्त्रण गरि राखेका चोग्याल समर्थकबाट कर्मचारीतन्त्रलाई छुट्कारा दिलाउन दिल्लीले मलाई निर्देशन दिएको थियो । क्रमश ......

### कांक्रेविहारमा बुद्ध प्रतिमा स्थापनाको विषयमा

# कीर्तिपुरमा कोणसभा



फाइल: सोमवार स्वयम्भुमा गरेको सभा

सुर्खेतको कांक्रेविहारमा बुद्धको प्रतिमा स्थापना गर्न पाउनुपर्ने माग गर्दै आन्दोलनरत सरोकार समतिले साउन ९ गते बुधवार कीर्तिपुरमा सभा गर्ने भएको छ।

दोस्रो चरणको आन्दोलन गत सोमवार स्वयम्भु क्षेत्रवाट सुरु गरेको हो भने मंगलवार बौद्धमा सभा गरेको थियो। बुधवार आज बेलुकी ४ बजे कीर्तिपुरको नगरमण्डप श्री कीर्ति विहार क्षेत्रमा त्यस्तै किसिमको सभा गर्ने भएको छ। नेपाल आदिवासी जनजाति महासंघ, अखिल नेपाल भिक्षु महासंघ, धर्मोदय सभा लागयतका विभिन्न बौद्ध संघ संस्थाका प्रतिनिधिहरूको सरोकार समितिले सो आन्दोलन जारी राखेको हो।

आन्दोलनको क्रममा विहिवार ललितपुरमा, शुक्रवार भक्तपुर मा र शनिवार बसन्तपुरमा बृहत्त सभा गर्ने तयारी भइरहेको आयोजकहरूले बताएका छन्। त्यसैगरि आउदो १५ गते सिंहदर वार घेराउ गर्ने कार्यक्रम समेत रहेको र सोही दिनमा सुर्खेतको जिल्ला प्रशासन कार्यालयमा समेत घेराउ गर्ने कार्यक्रम रहेको आयोजकहरूले बताएका छन्।

आफूहरूको दोस्रो चरणको आन्दोलनवाट पनि माग पूरा नभए सशक्त आन्दोलन गर्ने तयारी भइरहेको बताएका छन्।

### कीर्तिपुरको गाईजात्रा पर्व सम्बन्धि ३ वटा पुस्तक विमोचित

# मूल तीर्थ नाच बाघभैरव नाच भएको उल्लेख



कीर्तिपुरका युवा लेखक विनोद श्रेष्ठले ऐतिहासिक सहर कीर्तिपुरमा मनाइने गाईजात्रा सम्वन्धि अनसन्धानात्मक ३ वटा पुस्तक गत श्रावण ४ गते कीर्तिपुरको होटल हिलसाइडको सभाकक्षमा संस्कृतिविद बलदेव जुजु र नाट्य एवं संगीत प्रतिष्ठानका उपकुलपति प्रचण्ड मल्ल र लेखक स्वयंले संयुक्त रुपमा विमोचन गरिएको थियो । लेखक विनोद श्रेष्ठले त्रिभुवन विश्वविद्यालयमा नेपाली इतिहास, संस्कृति तथा पुरातत्व स्नातकोतरको लागि शोध पत्र प्रस्तुत गर्दाको शोधपत्रको अध्ययन सामाग्रीलाई पुस्तकको रुपमा १. गाईजात्रा पर्व २. कीर्तिपुरको गाईजात्रा र ३. नाय्खिं च्वयेकेगु प्रस्तुत गर्नु भएको हो।

लेखक विनोद श्रेष्ठले दश वर्षसम्म लामो अनुसन्धानपछि आफ्नो खोजलाई पुस्तक रुपमा ल्याइएको र पुस्तकमा गाईजात्रा पर्वसँग सम्बन्धित लोप भइसकेका विभिन्न पक्षलाई केलाइएको बताउनु भयो। श्रीकृष्ण महर्जनले संचालन गर्नु भएको सो कार्यक्रममा अतिथि संस्कृतिविद बलदेव जुजुले पुस्तकमा कीर्तिपुरको लोपन्मुख सांस्कृतिक, सामाजिक र धार्मिक इतिहासलाई रोचक र तथ्यगत रुपमा प्रस्तुत गरिएको बताउनुभयो । कीर्तिपुरको गाईजात्रा सम्वन्धि भिडियो लिंकका अनिल महर्जनले तयार पार्नु भएको आधिकारिक व्यक्तित्वहरूसँगको स्थलगत अन्तरवार्ताका आधारमा मृत्यु संस्कारमा आधारित गाईजात्रा संस्कृतिको वास्तविक चित्रण बृत्तचित्र पनि प्रिमियर शो गरेको थियो। करिव एक घण्टाको सो बृत्तचित्रमा विनोद महर्जनको पुस्तकमा आधारित विषयलाई समावेश गरिएको छ। बृत्तचित्रमा कीर्तिपुरकै युवाहरूको सहयोगमा सो बृत्तचित्र निर्माण गरिएको हो। कीर्तिपुरमा पनि भिडियो क्षेत्रमा कुनै पनि किसिमको कार्य गर्न सक्षम रहेको कुरा सो बृत्तचित्रले प्रष्ट हुने र बृत्तचित्रमा आधुनिक प्रविधिको कोणवाट पनि राम्रो भएको बताएका छन्। सो बृत्तचित्र गाईजात्रा अगाडी नै कीर्तिपुरका विभिन्न स्थानमा च्यारिटी शो देखाउने निर्देशक अनिल महर्जनले बताउनु भएको छ।

ती पुस्तकहरू मध्ये कीर्तिपुरको गाईजात्रामा पृथ्वी नारायण शाहले कीर्तिपुरमा आक्रमण गरेको समयमा कीर्तिपुरकै एक ब्यक्तिले देश द्रोही काम गरेको कारणले सो व्यक्ति र परिवारलाई ब्यङ्ग गर्न धेधेपापा नाच शुरु गरेको कुरा उल्लेख गरिएको छ। त्यसै गरी सो पुस्तकमा गाईजात्राको क्रममा कीर्तिपुरमा प्रदर्शन गरिने तीर्थ नाच बास्तवमा बाघभैरवको नाच भएको दावी गरिएको छ। त्यसै गरी नाय्खिं च्वयेकेगु पुस्तकमा कीर्तिपुरमा गाईजात्राको समयमा प्रदर्शन गरिने एक ढंगको प्रहशन नाय्खिं च्वयेकेगु संस्कृति लोप भइसकेको अवस्था छ। त्यसै गरि गाईजात्रा पर्व पुस्तकमा देश शुद्ध, शान्तिका लागि मृतकको नाममा गरिने जात्रा नै गाईजात्रा भनी उल्लेख गरिएको छ। ती पुस्तकहरूमा कीर्तिपुरमा लामो समय सम्म पनि प्रचारमा नआएका धेरै कुराहरू समावेश गरिएको छ। जस्तो गाईजात्राका लागि सबै भन्दा जिम्मेवार र महत्वपूर्ण भूमिका निर्वाह गर्नुपर्ने देय् गुथि भएको। देय् गुथिमा अहिले आएर ज्यापु अर्थात महर्जन समुदायमात्र रहेको अवस्था छ भने बास्तवमा कीर्तिपुरका प्रधानहरू समेतको सो गुथि रहेको कुरा समेत उल्लेख गरिएको छ। लेखक श्रेष्ठले गाईजात्राको दिनमा तीर्थ नाच प्रदर्शन गरिने भएतापनि सो नाच र कीर्तिपुरमा १२ बर्षमा निकालिने बाघभैरव नाच अर्थात गथु नाच संग पनि सम्वन्धित रहेको कुरा उल्लेख गरिएको छ।


# हार्दिक बधाई



**क्रिएटिभ एकेडेमीको दोस्रो एस.एल.सी. व्याच–२०६६ मा सर्वोत्कृष्ट अंक प्राप्त गर्न सफल छात्रा सुश्री चाङकु श्री श्रेष्ठले त्रिभुवन विश्व विद्यालय अन्तर्गत वि.वि.ए पहिलो सेमेष्टरमा नेपाल अधिराज्य भर सर्वोत्कृष्ट अंक (जि.पि.ए. ३.९६/४) प्राप्त गरी प्रथम स्थान हासिल गर्न सफल हुनु भएकोमा हार्दिक बधाई ज्ञापन गर्दछौं।**

## क्रिएटिभ एकेडेमी, परिवार

**नयाँ बजार, कीर्तिपुर**

**फोन : ४३३४१२३, ४३३६१०७**

# दोस्रो यु-१६ साफ च्याम्पियनसिप फुटवल प्रतियोगिता-२०१३



**नवीन महर्जन**

गत साउन ५ गतेदेखि दोस्रो यु-१६ साफ च्याम्पियनसिप फुटबल प्रतियोगिता काठमाडौंको दशरथ रङ्गशाला र लगनखेलको राजदल गणको फुटवल मैदानमा प्रारम्भ भएको छ। अखिल नेपाल फुटबल संघ (एन्फा)को आयोजनामा भएको यो प्रतियोगिताको लागि साफले ५० हजार डलरको सहयोग गरेको थियो । यस प्रतियोगितामा सहभागी टिम अन्तर्गत समूह क मा आयोजक नेपाल लगायत डिफेन्डिंग च्याम्पियन पाकिस्तान भूटान र अफगानिस्तान रहेका छन् भने समूह ख मा गत सिजनका उपविजेता भारत, श्रीलंका र वङ्गलादेश रहेका छन । प्रेस कन्फरेन्समा गत शुक्रवार नेपालको जुनियर राष्ट्रिय टिमका प्रशिक्षक बालगोपाल महर्जनले नेपाली खेलाडिको कडा मेहेनतले यस पालीको उपाधिको दावेदार हाम्रो टिम रहेको जनाइएको थियो। सो भनाईलाई सार्थक बनाउँदै गत शनिवार सम्पन्न उद्घाटन खेलमा नेपालले भुटानमाथि ७-० गोलको शानदार जित निकालेको थियो । उक्त खेलमा पहिलो हाफसम्म गोलरहित बरावर रहेको थियो तर दोस्रो हाफमा गोलको वर्षा गरेको थियो नेपालको लागि विमल घर्ती मगर र हेमन्त थापाले ह्याट्रिक गरेका थिए भने १ गोल शिव सुवेदीले गरेका थिए । यदि व्यक्तिगत स्वार्थलाई त्यागी टिम स्पिरित अर्थात् सामुहिक भावनाले खेल खेलेमा नेपालको खेल स्तर अझ राम्रो हुने थियो । वास्तवमा पहिलो हाफमा सामुहिक भावनाको अभावले नै गोल गर्ने अवसर धेरै पटक पाए पनि गोल गर्न असमर्थ रहेको थियो। तर दोस्रो हाफमा यस्लाई चिर्दै गोलमाथि गोल गरेका थिए ।

सोहि दिन समूह क अन्तर्गतको अर्को खेलमा आर्मी मैदान लगनखेलमा पाकिस्तान र अफगानिस्तान विच भएको थियो । उक्त खेल बराबर सम्पन्न भएको थियो । जस्ले गर्दा नेपाललाई फाईदा पुगेको छ । तर नेपालले आफ्नो खेल कौशललाई शतप्रतिशत दिंदै आफ्नो खेलको पनि सुधार गर्नु पर्ने देखिन्छ ।

यसै प्रतियोगिता अन्तर्गत समूह ख को भारत र श्रीलंका विचको खेल आर्मी मैदानमा गत आइतवार सम्पन्न भएको थियो उक्त खेलमा भारत ४-१ गोलले विजयी भएको थियो ।

नेपालले आफ्नो दोस्रो खेल सोमवार अफगानिस्तासँग बराबरी खेल खेलेको थियो । जसले गर्दा नेपाल सेमि फाइनलमा पुग्ने बलियो सम्भावना रहेको छ । नेपालले लिगको अन्तिम खेल बुधवार गत सिजनको च्याम्पियन पाकिस्तान सँग भिड्ने भएको छ । यस प्रतियोगिताको समूह क र ख का विजेता र उपविजेता टिम सेमि फाइनलको लागि छनौट हुनेछ । त्यसपछि नकआउटको आधारमा खेल हुनेछ ।

यस प्रतियोगिता प्रारम्भ हुनु पूर्व श्री लंकाका प्रशिक्षक र वङ्गलादेशका प्रशिक्षकले एन्फाको व्यवस्थापन माथि प्रश्न उठाएको थियो । डिफेन्डिङ्ग च्याम्पियनले यो प्रतियोगितालाई एएफसी च्याम्पियनसिपको छनौट तयारीको रुपमा रहेको जनाइएको छ भने आफ्नो पहिलो खेलमा डिफेन्डिङ्ग च्याम्पियन पाकिस्तानलाई गोलरहित बराबरमा रोक्न सफल अफगानिस्तानका प्रशिक्षक वाहेडले आफ्नो टिम विगत ४ महिनादेखि कडा मेहनतका साथ तयारी गरिरहेको जनाइएको छ

वास्तवमा सबैले यो प्रतियोगितालाई महत्वका साथ हेर्दै सहभागिता जनाइएको देखिन्छ तसर्थ साफ द्वारा सहयोग पाई सञ्चालन गर्न पाएको एन्फाले खेलको व्यवस्थापन र सञ्चालनलाई अवश्य ध्यान दिनु पर्ने देखिन्छ । यो हाम्रो देशको गौरवको विषयको नेपाल यस्तो साझा चौतारीको जहाँ भारत र पाकिस्तान जस्ता राष्ट्रलाई पनि मित्रता पूर्वक खेलभावना साथ खेल खेलाउन सक्ने वातावरण भएको ठाउँ हो तसर्थ साफ प्रतियोगिताको महत्वपूर्ण जिम्मेवारी पनि रहेको छ की साफका सबै राष्ट्रलाई एकै नजर ले हेर्ने ।

फुटवल लगायत जुनियर का विभिन्न खेलकुदमा नेपाल अहिले राम्रो शुरुवात गर्दैन जस्तो क्रिकेट वास्केटवल, तथा अन्य खेलहरू तसर्थ यस्ता प्रतियोगिता नियमित रुमा भैर हनु जरुरी छ ।

# स्थानीय पेशागत नेतृत्वमा दिगो विकास तथा क्षमता अभिवृद्धि अभिमुखिकरण अन्तरक्रिया



गत साउन ३ गते माइक्रो इन्जिनियरींग इन्सटिच्यूत प्रा.लि., द प्लान्टर नेपाल, हानडोंग युनिभर्सिटी दक्षिण कोरिया र दक्षिण कोरियाको शिक्षा मन्त्रालयको संयुक्त आयोजनामा कीर्तिपुरको हिलसाइड होटलको सभाकक्षमा स्थानीय पेशागत नेतृत्वमा दिगो विकास तथा क्षमता अभिबृद्धि अभिमुखिकरण अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो। जुजुभाइ महर्जनले संचालन गर्नु भएको उक्त कार्यक्रमका अतिथिहरूलाई माइक्रो इन्जिनिरिंगका अध्यक्ष ई.मथुरा डंगोलले खादा र फूलको गुच्छा अर्पण गरी स्वागत गर्नु भएको थियो। माइक्रो इन्जिनियरिंगका प्रिन्सिपल अरुण डंगोलले स्वागत मन्तव्यको क्रममा आफ्नो संस्थाको संक्षिप्त परिचय दिनुहुँदै उक्त संस्थाबाट तालिम प्राप्त प्रशिक्षार्थीहरूलाई दक्षिण कोरियाको रोजगारीमा पहिलो प्राथमिकता दिन अनुरोध गर्नुभयो। दक्षिण कोरिया शिक्षा मन्त्रालयका सह सचिव मिस रु क्योन्ग सुकले अभिमुखिकर कार्यक्रम राखेकोमा बधाई दिंदै कीर्तिपुरका विद्यार्थीहरूलाई कोरियामा अध्ययन गर्न छात्रवृत्ति दिन सकिने बताउनुभयो। कार्यक्रममा ह्यान्डोङ ग्लोवल युनिभर्सिटीका प्रो.डा.जिनवोन अनले कोरियामा आर्थिक विकास, नयाँ गाउँमा सक्रियता र यसको सुरक्षाबारे कार्यपत्र र पाउव प्वाइन्टबाट स्लाइड शो देखाउनु भएको थियो। उहाँका अनुसार १९५०-१९५३सम्मको युद्ध पछि विकासको क्रममा लम्केको कोरिया अहिले विश्वको १४ औं विकसित देश बन्न सफल भएको बताउनु भयो। प्रा.डा. डेभिड किमले विकासशील राष्ट्रमा व्यावसायिकता बारे, प्रा.डा. की डीउन चोले विकासशील देशमा व्यावसायिक अवसर विषयमा र प्रा.डा. कि सिउन यूले ग्लोबल च्यालेन्जको समयमा एजुकेटिभको भूमिकाबारे प्रशिक्षण दिनु भएको थियो। कार्यक्रममा सहभागिहरूले विभिन्न जिज्ञासा राख्नु भएको थियो। सम्बन्धित प्राध्यापकहरूले जवाफ दिनु भएको थियो । करीव ४ घण्टाको कार्यक्रम पछि अन्तमा माइक्रो इन्जिनियरिंग इन्स्टिच्युतका अध्यक्ष डा.मथुरा डंगोलले सबैलाई धन्यवाद दिनुभएको थियो।

# जनसेवा उच्च मा.वि.को वार्षिक कार्यक्रम सम्पन्न

कीर्तिपुर क्षेत्रको सबैभन्दा जेठो विद्यालय जनसेवा उच्च मा.वि.ले गत साउन ३ गते विहिवार ६६ औं वार्षिक दिवस कार्यक्रम सम्पन्न गऱ्यो । योभन्दा पहिले वैशाख २९ गते स्थापना दिवस मनाउँदै आएकोमा अहिले २००४ साल साउन ३ गते स्थापना भएको प्रमाण फेला परेपछि यो दिनलाई स्थापना दिवसको रुपमा पहिलो पल्ट मनाएको हो ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष माधवलाल महर्जनको सभापतित्वमा भएको उक्त कार्यक्रमको प्रमुख अतिथि काठमाडौं जिल्ला शिक्षा अधिकारी बैकुण्ठ अर्याल हुनुहुन्थ्यो भने विशेष अतिथि पूर्व राज्यमन्त्री दिलिप महर्जन, कीनपाका लेखा अधिकृत सानुवावु परियार हुनुहुन्थ्यो। प्राचार्य नन्दकुमारी महर्जनले स्वागत मन्तव्यको साथै विद्यालयको प्रगति प्रतिवेदन दिनु भएको थियो। त्यस विद्यालयबाट एस एल सी परीक्षा २०६९मा उतीर्ण हुन सफल विद्यार्थीहरूलाई बधाई दिनुको साथै मायाको चिनो प्रदान गर्नु भएको थियो । जनसेवामा विद्यार्थी संख्या, भौतिक संरचना र स्थानीय बौद्धिक व्यक्तित्वहरू को उपस्थितिले जनसेवा उ.मा.वि. राम्रो शैक्षिक केन्द्र मध्ये एक भएको र आगामी दिनमा पनि यसको प्रगतिको कामना गर्नु भयो। उक्त अवसरमा कक्षा वाल विकासदेखि कक्षा ५ सम्म उत्कृष्ट प्रथम, दितीय र तृतीय स्थान हासिल गर्नेहरूलाई विश्वनाथ पुरस्कार बाट ई. पद्मलाल महर्जनले पुरस्कृत गर्नुभयो। त्यस्तै कक्षा ६ देखि १० सम्म उत्कृष्ट ३ स्थान हासिल गर्नेलाई प्रज्ञा पुरस्कार बाट माधव लाल महर्जनले पुरस्कृत गर्नुभयो। शुकराम स्मृति प्रतिभा पुरस्कार कक्षा १ देखि १० सम्मका सर्वोत्कृष्ट अंक प्राप्त गर्न सफल कक्षा ३ का जमुना थापा मगर ९६.०४ प्रतिशतलाई पुरस्कार संस्थापक पूर्व प्रधानाध्यापक रामदेवी महर्जनले पुरस्कृत गर्नु भएको थियो । विरन्ची-मोतीमाया पुरस्कार-दाता भू.पू. प्रधानाध्यापक बुद्ध शरण मानन्धरले एस.एल.सी मा टपर एक जना छात्र अनिश शाक्य र छात्रा सविना थामीलाई वितरण गर्नु भयो। ढिट्ठा नरवहादुर न्हुच्छे थकुं – एस.एल.सी.मा



सर्वोत्कृष्ट हुन सफल अनिश शाक्य दाता चन्द्र शेखरले पुरस्कृत गर्नु भयो । रमेश स्मृति पुरस्कार – गणित शिक्षक स्व.रमेश महर्जनको स्मृतिमा पलाः फ्रेण्डसले स्थापना गरिएको पुरस्कार गणित विषयमा ९० अंक भन्दा बढी ल्याउन सफल मन्जु लामा-९३ र सविना थामी-९२ले प्राप्त गर्न सफल भएको थियो। त्यसपछि एस.एल.सी. परीक्षामा आफ्नो विषयमा शत प्रतिशत विद्यार्थी उतीर्ण गराउन सफल शिक्षकहरूलाई भूतपूर्व प्रधानाध्यापक बुद्धिवहादुर महर्जनले पुरस्कार वितरण गर्नु भएको थियो। जसमा अंग्रेजी विषयमा शेखर सिं डंगोल र कुसुम प्रधान, स्वास्थ्य तथा शारीरिक शिक्षा विषयमा देवराज महर्जनलाई प्रदान गरियो । उत्कृष्ट शिक्षकमा पनि उत्कृष्ट शिक्षकको पुरस्कार शिक्षक देव राज महर्जनले प्राप्त गर्न सफल भएको थियो । सभापतिको आसनबाट माधवलाल महर्जनले कार्यक्रममा उपस्थित सबैलाई सधन्यवाद दिनु हुँदै जनसेवा उ.मा.वि.ले यस वर्षदेखि इलेक्ट्रिकल इन्जिनियरींग विषय पढाउन देशभरिमा १०० विद्यालयमा आफ्नो विद्यालय पनि परेकोमा यस विद्यालयको उच्च मुल्यांकन भएको बताउनु भयो। देशभरिका ७२ जिल्लाका विद्यार्थीहरू यस विद्यालयमा अध्ययन गरिरहेको बताउनु हुँदै यसको अर्थ हो जनसेवाको नाम देशभरि चलेको प्रमाणित हो भन्नु भयो ।



# 'MY FIRST LOVE'



Prem Krishna Shrestha

My first meet with her was at college balcony . she was fixly gazing at the sunrise standing on the balcony, by chance for not having any class , I happened to stand near her . our glances were exchanged and she beamed at me don't you have class too ?" she asked. I felt embarrassed. I observed at other classmates standing on the balcony. I felt like all other classmates were observing at her question and my silence towards it. Being irresponsive to her question, I suddenly entered into the classroom. I felt there was a great mystery behind a girl speaking to any stranger.

Our second meet was in the college library. She was reading a book sitting beside the library. Knowing my arrival, her book-holding hands began to tremble and the book that she was holding began to fall as a flower. As it fell, I saw "Siris Ko Ful" were inscribed on the chest of there fallen flower.

Our third meet was in the college canteen. She was having tea with her friends. I also went to the canteen with my friends and occupied a table. After seeing me, she began to feel shy and a kind of slowness could be seen in her act of drinking tea. She frequently used to cast her eyes on my table and bow her head in my response. It seemed as if she was paying less attention to her friends' gossip. After a while, she started and on seeing her friends' tea glasses being emptied, she began drinking her tea in haste, even through she left her tea. I felt, even in her unhurriedness and in the existence of her leftover tea, there was some mystery.

Our fourth meet was at the temple. The crowd of the people, I had a fear that I could get lost. Passing through the crowd she approached me and asked," Are you fine?" I felt all these crowds are testing me. The eyes of the priest are scratching me. I began to feel ashamed with a handful of flowers that I was carrying in my own cup of hand. In a low voice, I replied, "I'm fine" and I disappeared in the crowd. The voice was so low that it seemed it vanished before it could reach her. I felt that to find my identity in the crowd had also some mystery in it.

Our fifth meet was at the way down. We had been walking continuously without talking to each other on the way which was a blend of darkness an light. On the way, a cat mewed and went past our feet. Being scared at the way 'mew' of the cat, she came for the protection by leaning on my shoulders. By stoning the cat, I detached her prop. I felt, being scared at the 'mew' of the cat and in challenging my heroism for scratching it's 'mew' had also some mystery within.

Our sixth meet again at balcony during a leisure period. On that day, we had some talks between each other. Incidentally, she propose me to go to temple. I felt," How could I go to the temple with a lady? " Because we had to go garden to reach the temple. By saying not today, I refused her proposal. I felt in proposing me to go such lonely places being a girl had some mystery within.

The next day after the sixth meet, she did not come to college. I have no idea why she had left college. Except her one holy name, nothing is left behind in my memory. I perceived a tragic turn turning up between us. My heart pounded as she went far away. As the time went by one, two, three, four, five and six days, our all meets faded away in vain. Today I feel contrite. Why did not I pick and give her book back when it had fallen at my feet? Why did I refuse her proposal of going to temple ? Why didn't I speak to her when she approached me to speak ? etc. If I meet her today, I would vent out all of my love to her but it seems to me that we will never meet again.

It was true that fortune strikes only once in this life. If we cannot embrace the smile of that fortune during that opportunity, every season turns to be bleak. Today nothing is there except repentance in my heart. Thinking up in her remembrance day and night has been like my breathing. I call upon her name several times within my heart. Her names starts with "S". Most of the ladies name starts with "S". Nowadays the same "S" of that name burns me. I am living with this "S" form of burning sensation and even today this "S" boiling in my lips. I feel, at the time of my death, my dead body will take rest by uttering the same "S" with my lips.

# कृषिमा क्रान्ति कहिले ?



सुवर्ण महर्जन
नगाउँ की.न.पा.-१६

नेपाल कृषिप्रधान देशको नामले विश्वमै प्रख्यात छ। कृषिप्रधान भनेर धेरै उच्च राम्रो श्रीपेच लगाउँदैमा कृषि उत्पादनको विकास हुने पनि होइन । कृषिप्रधानका लागि आवश्यक पर्ने पूर्वाधार सिंचाई, उत्पादनको बजार, मल, उन्नत बीउ, पर्याप्त व्यवस्थाका साथै यो क्षेत्रको उत्थानका लागि सरकारको स्पष्ट नीति आवश्यक छ । जनगणनामा आफूले जे पेशा अंगालेर बाँचेको हो, त्यही वा कृषि पेशा अपनाउने नेपालीको संख्या अधिक देखिए पनि अहिले युवामा कृषि काम पेशा प्रति मन चाहना घट्न थालेको छ ।

विश्वले विज्ञान र प्रविधिका क्षेत्रमा आफ्नो छाप धेरै पहिले बनाई सके र उन्नति गर्दा गर्दै समस्यै समस्याले झेलिएको हाम्रो कृषि क्षेत्रबाट केवल दैनिक गुजारा मात्र चल्न सक्छ। कृषि क्षेत्रबाट धनी बन्न अथवा आर्थिक अवस्था सुधार्न भने अहिलेको समयमा असम्भव नै छ। तर कहिं कहिं लाखौं कमजोर किसानहरूले पनि अहिले गाई वस्तु पालन गर्न छाडेर रासायनिक मलकै भर पर्न थालेका छन्। रासायनिक मलको अभावको पीडा खेपेर कृषिमा लाग्न नसक्ने अवस्था छ । केही वर्ष अघिसम्म पनि ग्रामिण क्षेत्रमा आफ्ना लागि आवश्यक पर्ने कुलो र स-साना नहर आफ्नै परिश्रममा निर्माण गर्थे । अहिले सबै जना सरकारको मुख ताक्ने प्रवृत्ति बढेको छ । मर्मत सम्भारका लागि समेत सरकारी बजेटको मुख ताक्ने चलन विकसित हुँदै आएको छ।

सरकारी बजेट पनि ग्रामीण क्षेत्रका अलि टाठाबाठाहरूले आफ्नो पाकेट भरेर मात्र कुलो निर्माण र मर्मत सम्भारका लागि खर्च गर्दा जहाँ तोकिएको रकमको न्यून प्रतिशत मात्र वास्तविक लगानी भएपछि कृषि क्षेत्रको उन्नति यसै पनि पछि पर्ने हुन्छ । पहाडी क्षेत्रमा किसानलाई हलो बनाउन र कोदालीका बीड बनाउन काठमो अभाव समेत झेल्न परेको छ। ट्याक्टरको उपयोग नहुने पहाडी र दुर्गम स्थानहरूमा जोत्नका लागि गोरुमा भर पर्नुपर्ने हुन्छ। एक हल गोरुको मूल्य पचास हजार रुपियाँ सम्म पुगेको छ। किसानले यति दुःख कष्ट गरेर कमाएको खेतीपाती दैवीप्रकोपले नष्ट भयो भने वर्षभरि नै पीडादायी जीवन बिताउन बाध्यता हुनुपर्छ।

कस्तो जमिनमा कुन बाली लगाएर नगद आर्जन गर्न सकिन्छ भन्ने ज्ञान किसानमा छैन। पूर्खाले के कसता बाली लगाए आफूले पनि त्यही बाली लगाउनु पर्छ भन्ने मान्यतालाई आत्मसात गरेको पाइन्छ। अन्नबाली धान, गहुँ, मकै, कोदो भन्दा हावापानी अनुसारको फलफूल वा अन्य नगदेबाली लगाउन सके र बजारको राम्रो व्यवस्थापन हुन सकेमा अधिक फाइदा हुन सक्ने थियो। तर अज्ञानताको कारणले सम्भव हुन सकेको छैन । रासायनिक मल अत्याधिक मात्रामा प्रयोग गर्ने हो भने केही वर्षमै जमिन रुखो मरुभूमि जस्तै बन्ने खतरा प्रबल हुन्छ । त्यसमाथि देशैभरि प्रयोग हुने प्लाष्टिकका झोलाहरूले गर्दा पनि जमिनको उर्वराशक्ति नै ह्रास हुँदै गएको छ ।

केही वर्षदेखि शहरका छेउछाउमा रहेका डाँडापाखालाई पनि डोजर लगाएर घर घडेरी बनाउने प्रचलन बढेको र यसरी घडेरीका लागि छुट्याइएका प्लटहरू बाँझै रहेका देखिन्छ । किसानलाई सरकारी स्तर बाटै प्रोत्साहन दिएर कृषि पेशाबाट जीवन यापन गर्न सकिन्छ भन्ने विश्वास दिलाउन युवालाई पनि कृषिमा लाग्ने वातावरण निर्माण गर्नु पर्छ। अन्यथा उन्नति सम्भव छैन । कृषि क्षेत्रको विकासका लागि विशेष पहल थालेमा खाद्यान्नमा आत्मनिर्भर बन्न सकिने अवस्था छ। व्यवसायिक खेतीको जरुरी भई सकेको छ। अब नेपाल सरकारले काम गर्ने वातावरण र युग सुहाउँदो परिवर्तन गरी आत्मनिर्भर हुन सक्ने कृषि प्रणालीको विकास गर्ने योजनाहरू बनाउनु पर्दछ।


## आवश्यकता

यस देय् धुकू बहुउद्देश्यीय सहकारी संस्थालाई निम्न उल्लेखित पदमा योग्य ता पुगेका व्यक्तिहरू आवश्यक भएकोले योगता पुगेका नेपाली नागरिकहरूबाट दरखास्त आह्वान गरिन्छ ।

| पद | संख्या | योग्यता |
| --- | --- | --- |
| १) सहायक | २ | प्रविणता प्रमाणपत्र तह र सो सरह उत्तीर्ण र कम्प्युटर सम्वन्धी ज्ञान प्राप्त भएका |

*नोटः महिलालाई विशेष प्राथमिकता*

विस्तृत जानकारीको लागि

**देय् धुकू बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड**

नयाँबजार, कीर्तिपुर १७, फोनः ४३३२४३८

## हैन त ? –निरज




मतदाता घटेर किन चिन्ता लिनुहुन्छ नेता ज्यू ।
ह्वाहरु छदैछ नि !


सहकारी संस्था, कार्यालय तथा व्यवसायी संस्था (पसलसमेत)लाई आवश्यक लेजर, क्यास बुक, स्टक बुक, डे बुक, दर्ता चलानी, खरिद तथा विक्रि खाता, हाजिरी कापी तथा अन्य स्टेशनरी सामानहरू सुपथ मूल्यमा पाइने ठाउँ

**किपू बुक प्वाइण्ट**

**कीर्तिपुर, नयाँबजार–१७, फोन ४३३१७७५**


# दल र पद



**ब्यंग सन्देश**
सरज कुमार महर्जन

नेपालको राजनीतिक दलहरूमा पदको लागि दशहात माथि उफ्रने, चाकडी गर्ने, षडयन्त्र गर्ने कुनै नौलो कुरा होइन तर एमाओवादीको उपाध्यक्ष क. बाबुरामले पाएको आफ्नो उपाध्यक्ष पदबाट राजीनामा दिएपछि एउटा नौलो तरंग उत्पन्न भएको छ। पद नै सवथोक हो, पदविना दलमा, संगठनमा बस्न सकिदैन भन्नेहरूलाई यो राजीनामाले अलि झस्काएको छ। भन्नेहरू भनिरहेका छन् बाबुराम पदविना बाँच्न सक्ने नेता होइन र नयाँ चिजको बार्गेनिङ गर्नु पर्‍यो भने आफ्नो पदबाट राजीनामा गर्नु पर्दछ। त्यस्तो बेलामा कि ऊ विना दल अघि बढाउनु सक्नुपर्दछ कि उसलाई मनाउन सक्नु पर्दछ। क. बाबुरामको राजीनामाले एमाओवादी फेरि ठुलो समस्यामा फसेको छ। प्रचण्ड कमरेडले बाबुरामविनाको केन्द्रिय कमिटी चलाउने आँट गर्नु भएन न उपाध्यक्षमा नै फर्काउन सक्नु भयो। बरु बाबुरामको पदत्याग संगसंग नारायणकाजी र पोष्टबहादुर वोगटीले पनि बलिदानीपूर्ण पदबाट राजीनामा दिए। र अव बाकी सचिवहरूले पनि आफ्नो पद जोगाउन सक्ने अवस्था छैन। अन्तिममा प्रचण्ड अध्यक्ष मात्र बाकी हुने भयो र बाकी सबैलाई सदस्यको पद दिने भयो। यसबाट बाबुरामको आत्मालाई शान्ति मिल्ने भएको छ। प्राणप्यारी हिसिलालाई कोषाध्यक्ष नदिएको झोकमा सबैको पद खारेज गर्न सफल, बाबुरामलाइ पनि मान्नै पर्दछ। आखिर दल के को लागि र पद के को लागि भन्ने प्रशन उठ्न सक्छ। दल राजनीति गर्नको लागि, पद काम गर्नको लागि भन्ने बुझिन्छ। राजनीति भनेको देशको नीति आफ्नो अनुकूल बनाउनको लागि हो र पद गरिखानको लागि हुन्छ या मागी खानको लागि हुन्छ वा पद अनुसार सत्ता चलाउन र तलवभत्ता खानको लागि हुन्छ। आखिर खाइरहेको प्रधानमन्त्री पद पनि घुमाइफिराइ दल बाहिर सत्ता र भत्ता पुऱ्याए पछि त्यो जावो उपाध्यक्ष पद मात्र किन चाहियो र। उपाध्यक्ष भनेको अध्यक्ष नभएपछि मात्र काम गर्न पाउने पद किन आवश्यक भयो ? त्यसैले पनि होला संगठन, दलमा कि अध्यक्ष चाहियो, कि महासचिव चाहियो कि कोषाध्यक्ष चाहिन्छ। अध्यक्ष भएपछि दलमा सर्बेसवा गर्न पाइन्छ। महासचिव भए पनि कलम घुमाउन पाइयो वा कोषाध्यक्ष भए पछि आफूकहाँ लक्ष्मीको वाँस हुने भयो। त्यसैले पनि दलहरूमा पदको महत्व हुने गर्दछ। आखिर सबैलाइ थाहा छ, दल, संगठन तथा संघसंस्थाहरूमा अध्यक्ष भएर काम गर्नु गाह्रो छ। ठुलो पद ठुलो दायित्व र ठुलो चुनौती पनि। दल, संगठन, संघसंस्थामा पदको लागि हानथाप हुने गर्दछ। पद थापेर नआउने भएमा हान्नु पर्ने पनि हुन सक्छ। पदकै कारण सबैले मान्ने हुन्छ। पदकै कारण खाने पनि हुन्छ। पदकै कारण चढ्ने पनि हुन्छ। पदकै कारण डाक्टर, नर्स, कर्मचारीहरूको चाकडी बढ्ने पनि हुन्छ। पदकै कारण कमिशन, भत्ता र सम्मान पनि हुन्छ। त्यसैले पदको यत्रो महिमा भएको बेलामा पनि उपाध्यक्षबाट सदस्यमा झर्नु पनि कम साहसिलो मान्नु भएन। उही दलको अर्का उपाध्यक्ष मोहन बैद्य अध्यक्ष हुनके लागि अर्को दल खोल्नु भएको छ। एमालेका उपाध्यक्ष अशोक राई पनि उपाध्यक्ष छोडेर संघिय समाजबादी दलको अध्यक्ष बन्नु भएको छ। आखिर अध्यक्ष कसलाई मन पर्दैन र। सानो भन्दा सानो कमिटीहरूमा अध्यक्षहरूको चर्तिकला देख्न पाइन्छ। उपाध्यक्ष भनेको पद मात्र छ काम छैन। स्थानीय निकाय गाविसको उपाध्यक्ष, नगरको उपमेयर, जिविसको उपसभापतिको पनि कुनै गतिलो जिम्मेवारी हुदैन मात्र बैकल्पित हुन्छ। अध्यक्षले चाहेमा बुख्याचा बनाइरहेको हुन्छ। यसकारण पनि उपाध्यक्ष हुनु भन्दा नहुनु राम्रो भनेर नै बाबुराम कमरेडले राजीनामा दिएको कुरा पनि बुझ्न नसकेर सबैको पद नै हजम गर्नु अलि हजम भएन कि, कि कसो।


## सुगर निको पार्ने

अब सजिलै सुगर, युरिक एसिड, ग्याष्ट्रिक, पायल्स, नसाच्यापिएको, हड्डीखिएको, बाथ, ढाड–कम्मर तथा जोर्नीको दुखाई ग्यारेष्टी निको पार्ने हिमाली जडिबुटी साथै चाइनिज एक्युप्रेसर, एक्युलाइफ तथा जीम फिटनेस थेरापीद्वारा उपचार गरिन्छ।

नोटः फोन गरेर मात्र आउनु होला

**फिट्नेस प्वाइन्ट ट्रेडिङ्ग**
नेपाल टेलिकम बाहिरीगाउँ, कीर्तिपुर–१७
फोन नं. ०१–४३३६७०१, ९८४१९८१९७६
यो विज्ञापन होइन, सत्य तथ्यमा आधारित छ।



एस. एल. सी २०७० मा उत्तीर्ण हुने सम्पूर्ण विद्यार्थीहरुलाई

# हार्दिक बधाई

**कक्षा ११ मा**

- **व्यवस्थापन**
- **शिक्षा**
- **मानविकी**

**भर्ना खुल्यो**

प्राचार्य

**जनसेवा उच्च मावि**



एस.एल.सी २०७०

# हार्दिक बधाई

**उज्ज्वल भविष्यको**

**मंगलमय शुभकामना**

साथै मंगल उच्च मा.वि. यहाँहरूलाई

- कक्षा ११ मा भर्ना खुल्यो।

**संकाय**

- व्यवस्थापन
- शिक्षा
- मानविकी

**विषयहरू**

- कम्प्युटर विज्ञान
- होटल व्यवस्थापन
- आम संचार

**नोटः विभिन्न छात्रवृत्तिहरू व्यवस्था गरिएको छ।**

मंगल उच्च मा.वि/बहुमुखी क्याम्पस

# 'संघीय समाजवादी पार्टीमा प्रवेश कार्यक्रम'

गत साउन ५ गते संघीय समाजवादी पार्टी, नेपालको काठमाडौं जिल्ला समितिद्वारा आयोजित अन्तरक्रिया तथा पार्टी प्रवेश कार्यक्रम संघीय समाजवादी पार्टी, नेपालका अध्यक्ष अशोक कुमार राइको प्रमुख आतिथ्यमा काठमाडौंको ओम साई पार्टी पालेसको हलमा सम्पन्न भयो। उक्त कार्यक्रममा चैतन्य सुब्बाको सामाजिक लोकतान्त्रिक पार्टीका केन्द्रिय सदस्यहरू गोपाल राई (नेपाली कांग्रेसका पूर्व महासमिति सदस्य) नोर्भु घले (आदिवासी जनजाति महासंघका पूर्व उपाध्यक्ष) अमृत राई, लक्ष्मण तुलाचन, बलराम चौधरी हुनुहुन्थ्यो। नेपाल गौरवशाली पार्टीका केन्द्रिय प्रवक्ता प्रकाश अधिकारी, केन्द्रिय सदस्यहरू राजन खनाल, शालिकराम पौडेलको नेतृत्वमा ३५जना, काठमाडौं वडा नं.९ का विदुर कार्की लगायत १५० जना, नेपाल जनमुक्ति पार्टीका पूर्व केन्द्रीय सदस्य तथा तामाङ समुदायका अगुवा भाषिक नेता सिंह वहादुर तामाङ, काठमाडौंका मनोज कर्माचार्य, जगदिश्वर कर्माचार्य, प्रमोद भडेल, सुभाष शाह, धनवहादुर खड्का, दिपेन्द्र श्रेष्ठ, बौद्ध जोरपाति क्षेत्रबाट वाङछु शेर्पा, फेरा देण्डी, दुणवा शेर्पा, निमा शेर्पा लगायत १० जना, एमाओवादीका पदम वहादुर तुम्बा र एमाले परित्याग गरी आउनु भएका पवि लिङदेन, सरु लिङदेन लगायतका एमाले, कांग्रेस, एमाओवादीका सयौं कार्यकर्ताहरू संघीय समाजवादी पार्टी, नेपालमा प्रवेश गरेका छन । पार्टी प्रवेश गर्ने सबैलाई महासचिव राजेन्द्र श्रेष्ठले अवीर र अध्यक्ष अशोक राईले खादा ओढाई स्वागत गर्नु भएको थियो। जिल्ला अध्यक्ष सानुराजा शाक्यको सभापतित्वमा सम्पन्न भएको उक्त कार्यक्रममा महासचिव राजेन्द्र श्रेष्ठले नेपाली जनताले २००७ साल, २०१७ साल, २०४७ साल र २०६२/०६३ अनेक पटक क्रान्ति भयो । तर ती क्रान्तिबाट नेपाली जनताले मुक्ति पाएनन् र नेपाली जनताको मुक्तिको लागि नयाँ क्रान्ति गर्न नयाँ राजनीतिक शक्तिको आवश्यकता भएकोले संघीय समाजवादी पार्टी, नेपाल स्थापना भएको हो। अहिले राष्ट्रपति चार दलको कठपुतली बनीरहेको उल्लेख गर्नु हुँदै चार दलको कठपुतली नहुन राष्ट्रपतिलाई सल्लाह दिनुभयो प्रमुख अतिथि अशोक राईले डा. बाबुराम भट्टराईले संविधानसभाको निर्वाचन घोषणा गर्दा भाग लिन्न भन्ने एमाले र कांग्रेसलाई अहिले संविधानसभाको निर्वाचन गर्नु पर्छ भन्ने ब्रम्ह ज्ञान कहाँबाट प्राप्त भयो ? भन्ने प्रश्न गर्नु हुँदै भन्नुभयो, " बाबुरामले घोषणा गरेको चुनावमा एमाले र कांग्रेसले मानेको भए संविधानसभाको निर्वाचनको लागि नेपाली जनताले एक वर्ष कुर्नु पर्ने नै थिएन। ११ बुँदे र २५ बुँदे सम्झौता र समानुपातिकको प्रतिशत घटाएर चार दलले चुनाव गर्न खोजे हामी सडक आन्दोलनमा जान्छौं । यस्तो निर्वाचन गरेर देखाउन चार दललाई चुनौती दिन्छौं।"

उहाँले भन्नुभयो, "नेपाली जनताको चाहना अनुसारको संविधान बन्दैनन् कि भन्ने हामीलाई चिन्ता लाग्छ। हामी अथक यात्रामा छौं। हामी राजनीतिक गुच्चा खेल्न आएका होइन । अहिले हाम्रो पार्टीले छोटो समयमा नै निकै लोकप्रियता हासिल गरेको छ । तर हामी यतिले सन्तोष भएका छैनौ । सन्तोष प्रगतिको बाधक हो। यद्यपी हाम्रो प्रगति असन्तुष्ट हुनु पर्ने अवस्थामा छैन । असफल राजनीतिक दलहरूको विकल्प नै संघीय समाजवादी पार्टी नेपाल हो। उद्देश्यप्रति समर्पित अनुशासित सेनाको कारण नेपोलियन बोनापार्टले सँधै युद्ध जितेका थिए। पहिचान र संघीयताप्रति समर्पित अनुशाससित नेता तथा कार्यकर्ताको कारण संघीय समाजवादी पार्टी, नेपालले पनि नेपोलियन बोनापर्टले जस्तै सबै युद्धमा विजय हासिल गर्नेछ।"

अन्तमा उहाँले आफ्नो पार्टीको उद्देश्य र धारणा स्पष्ट पार्दै भन्नुभयो, "हामी नेपाललाई अनेकौ जातीको फुलवारी बनाउनेछौ र हामीले बनाएको फुलवारीमा जातीवादी होइन समानता र सहअस्तित्वका फुलहरू फुल्नेछन्। नेपालको राष्ट्रिय एकताको सुत्र एकल जाति, भाषा, धर्म र संस्कृति हुन सक्दैन । संस्कार विनाको शिक्षा अधुरो अपुरो हुन्छ । समयको पदचाप नबुझ्ने पार्टी समाप्त हुनेछ। कसैको मायाले मात्र पार्टी टिक्न सक्दैन।" सभामा उपाध्यक्ष प्रेमकृष्ण पाठक, उपमहासचिव राधा तिमिल्सिना लगायतले मन्तव्य राख्नुभयो । कार्यक्रम जिल्ला सचिव हिराकाजी महर्जन र स्वागत भाषण शहरमान राईले गर्नु भएको थियो।

# कीर्तिपुरका कलाकारहरुवाट रकम सहयोग



फोटो ज्ञानबहादुर महर्जन 'नेवाः'

नेपालभाषा क्षेत्रका लोकप्रिय एवं बरिष्ठ कलाकार रामशेखर नकःमिलाई सम्मान गर्नका लागि सहयोगार्थ गत शनिवार कीर्तिपुरको कृष्ण क्याटरिडको हलमा विविध सांस्कृतिक कार्यक्रम आयोजना गरियो। कीर्तिपुरका कलाकारहरुको राम शेखर ग्वहालि पुचःको आयोजनामा भएको सो कार्यक्रममा रामशेखरद्वारा लिखित 'तन्त्र ताप्लेट' एकांकी नाटक प्रदर्शन गरेको थियो । सो कार्यक्रममा कीर्तिपुरका युवा एवं लोकप्रिय कलाकारहरु रत्नशोभा महर्जन, सतिस महर्जन, मथुरा महर्जन, दिपा महर्जन, रीता महर्जन, स्वस्ती महर्जन, वीर प्रसाद भन्सारी, गुजे मालाकार लगाएतले आ आफ्नो प्रस्तुती गरेका थिए। कार्यक्रमा नृत्य पनि प्रस्तुत गरिएको थियो। सो कार्यक्रमका संयोजक राजभाई जकःमिले आफ्नो मन्तव्य राख्ने क्रममा रामशेखरलाई सम्मान गर्नु भनेको राष्ट्रको सम्मान गर्नु हो भन्दै नकःमि नेवाः भएकै कारणले सरकारवाट कुनै सम्मान अहिले सम्म नपाएको गुनासो गर्नुभयो। रामशेखर नकःमिलाई सम्मानका लागि सहयोग स्वरुप सांस्कृतिक कार्याक्रमका संयोजक राजभाई जकःमिले सुजिव बज्राचार्यलाई २५ हजार रुपैंया हस्तान्तरण गर्नु भएको थियो।

# हर्ष रत्न तथा मण्डला सिरपाः पुरस्कार

# वितरण सम्बन्धी सूचना

कीर्तिपुर नगरपालिकाभित्र स्थायी बसोबास गरी की.न.पा. भित्र कै सामुदायिक तथा संस्थागत विद्यालयमा अध्ययन गरी आ-आफ्नो विद्यालयबाट एस.एसल.सी.मा उत्कृष्ट नतिजा प्राप्त गर्ने एक छात्र तथा एक छात्रालाई गत १६ वर्षदेखि प्रदान गर्दै आएको **हर्ष र रत्न पुरस्कार** तथा की.न.पा. भित्रका संस्थागत तथा सामुदायिक विद्यालयबाट एस.एल.सी.मा सम्मिलित भई सवोत्कृष्ट नतिजा प्राप्त गर्ने सामुदायिकबाट १ र संस्थागत विद्यालयबाट १ जनालाई गत १२ वर्षदेखि प्रदान गर्दै आएको १३ औं **मण्डला सिरपाः** प्रदान गर्ने भएको हुँदा आवश्यक कागजपत्रसहित निवेदन पेश गर्नुहुन हार्दिक अनुरोध गर्दछौं । उक्त दिन विद्यालय व्यवस्थापन समितिका अध्यक्ष, प्रधानाध्यापक/प्राचार्य र उत्कृष्ट विद्यार्थीको उपस्थितिको लागि हार्दिक अनुरोध गर्दछौं

आवेदन दिने अन्तिम मिति : २०७० साउन १० गते विहिवार
आवेदन पेश गर्ने स्थान : जनसेवा उच्च मा.वि. पाँगा
पुरस्कार वितरण समारोह मिति : २०७० साउन १२ गते सनिवार दिउँसो २ बजे।
स्थान : पाँगा पार्टी भेन्यू, पाँगा ढोकासी

प्राचार्य

**जनसेवा उच्च माध्यमिक विद्यालय**

इचाख्यः, पाँगा, की.न.पा. १२


# ADMISSION OPEN

## Hill - Town Int'l Higher Secondary School

A well – established academic institution located at tranquil environment of Kirtipur, Congratulates all the SLC graduates and announces **new admission open for class 11 in Science and Management.**

Seats are limited. **Hurry Up!**

Contact:
Hill – Town Int'l Higher Secondary School
Phone No: 4331739, 4331407, Kirtipur



# नयाँ शो रूम खुल्यो



CTEVT बाट संचालित राष्ट्रिय शीप प्रतियोगितामा Top Ten मा स्थान हासिल गर्न सफल युनिक टेलर्सको अब नयाँ शो रूम खुलेको जानकारी गराउन चाहन्छौं ।

युनिक टेलर्स

नयाँबजार, फोन ४३३१०७८

# DTC को MOBILE र Service Center अब कीर्तिपुरमा






**GE5** **GC2 CDMA** **S1 CDMA**

* 5 Mobile Sets On Lucky Draw
* Buy One Get One Free
* Surprise Gifts
* Exchange
* Heavy Discount
* Big Sale
* Recharge Cards
* Free Memory Card
* Free Recharge Cards

सीम कार्ड सितैमा

MOBILE MARKET 'N' KLINIC
LOKTANTRIC CHOWK
PHONE NO. 9851152393, 9843307412

# थुनुवाको डायरी– ७६




## २०६७/१०/१९ बुधबार -११९ दिन दोस्रो पेशी

मेरो जिन्दगीको एक दिन कम भयो । म यो जेलमा आएको भोलिदेखि चार महिना पूरा भएर पाँच महिनामा टेक्छ। अझ कति दिन बस्नु पर्ने होला । आजको पेशी बहस हुने हो कि होइन । छिट्टै फैसला भए हुन्थ्यो । मलाई आज निद्रै लागेन । विहानको २.४५ बजे उठेर पिशाव गर्न गएँ । डाँडामा गएर चुरोट पिएँ । अरू पनि त्यहाँ चुरोट पिइरहेका थिए । कोठामा आएँ । उपन्यास लेख्न थालें । आधाघण्टा लेख्दा आँखा पिरो लाग्यो । फेरि पल्टें । निद्रा लाग्यो । पछि निद्रा खुल्दा त पाँच बजिसकेछ । धारामा गएर मुख धोएँ । देवी देवता ढोगें । कोठामा आएर एक मग कफी बनाएर पिएँ । फेरि उपन्यास लेख्न थालें । उपन्यास लेखेर मलाई समय बिताउन कुनै गाह्रो हुँदैन । छ बजे नम्बर खुल्यो । बाहिर गएँ । हिजो राम्री घाम लागेको थियो । आज कुहिरोले ढाकेको छ । ग्राउण्डमा घुमिरहें । सातबजे चिया पिएर ओमशान्ति गएँ । सबैजना ध्यान बसिरहेका छन् । म पनि ध्यान बसें । आज मलाई ध्यान नै आएन । मनमा कुरा खेलिरहेको छ । भाइजी आउनु भयो मुरली सुनेर बाहिर आएँ । ओमशान्तिबाट बाहिर आएर कफी बनाएर पिएँ । डाँडामा गएर चुरोट पिएँ । आजदेखि चुरोट पिउन छाड्ने विचार गरेको थिएँ झन धेरै चुरोट पिउन मन लागिरहेको छ । आज पेशी हुन्छ कि हुन्न ? आजको पेशी बहस भएर म बाहिर जान पाउँछु कि पाउँदिन । यहि कुरा मेरो मनमा खेलिरहेको छ । अब मलाई यहाँ एक पल पनि बस्न मन लाग्दैन । अब यहाँ बसेर मैले गर्नु पर्ने कुनै काम बाँकी रहेन । बरु बाहिर गएर गर्नु पर्ने काम धेरै छ । नौबजे लोडसेडिंग भयो । म बाहिर गएँ ।

१०.३० बजे खाना खाएर घाम तापिरहें । आज पेशी बहस हुन्छ एकछिन बाहिर घाम तापेर कोठामा आएँ । "होटेलमा भेज चाउमिन र मिक्स चाउमिन खुल्यो ।" माईकबाट अनाउन्स गऱ्यो । मलाई भोक लागेको जस्तो भयो । होटलमा गएर एक प्लेट मिक्स चाउमिन लिएँ । चाउमिन मुखमा हालेको थिएँ । मलाई सविता र निर्मलाको याद आयो । म पाँगामा जाँदा दिपूको पसलमा चाउमिन बनाइ राख्छ । अनि उनीहरू भन्थे, "बा, आज दिपूदाइको पसलमा चाउमिन बनाएको छ । आज एकचोटि चाउमिन खाउँ न ।" उनीहरूको आग्रह म तार्न सक्दिन । दुई प्लेट ल्याउँछ । मैले खान्न भन्दा पनि दुबैजनाले आफ्नो भागबाट अलि अलि झिकेर मलाई दिन्छन् । मलाई कति माया गर्ने बच्चाहरू आज उनीहरूले गरेर नै यहाँ आउनु परेको छ । तैपनि मेरो मनमा अझै उनीहरूप्रति दया माया बाँकि रहेछ । उनीहरूको सम्झनामा नर माइलोसित चाउमिन खाएर आएँ ।

तीन बज्यो । विजुली गयो । कोठामा टी.भी. हेर्नेहरू खाली भयो । उपन्यास लेख्न मलाई सजिलो भयो । मेरो इमरजेन्सि लाईट बालेर उपन्यास लेख्न थालें । एकघण्टा लेख्दा मेरो आँखा तिरमिरायो । एकछिन चुप लागें । एक मग कफी बनाएर पिएँ । ४.१५ बजे धारा खाली भयो । डाँडामा गएर चुरोट पिएँ । त्यहाँ एकजनाले भन्यो, "एउटा डान्स रेष्टुँराँको मालिक कमल जङ्ग राणालाई जिउ मास्ने बेच्ने अभियोगमा एकवर्ष देखि थुनामा राखेको थियो हिजो अदालतबाट सफाई पायो । आज घर गयो ।" म जस्तै यहाँ पुर्पक्षमा बसेका मानिसहरू सफाई पाएर बाहिर गइरहेका छन् । म भने जान पाएको छैन । मेरो मन गोलमाल भयो । फेरि कोठामा आएर केही लेख्न मन लागेन । बाहिर ग्राउण्डमा भलिबल खेल हेरिरहें । ५ बजे समाचार सुनें । माओवादीले प्रधानमन्त्रीको लागि झलनाथ खनाललाई समर्थन गरेर आफ्नो उम्मेदवार फिर्ता लियो । यसको मतलव झलनाथ खनाल प्रधानमन्त्री हुने पक्का भयो । म बाहिर घुमिरहें । ६.३० बजे खानाखान गएँ । आज भान्सामा गुन्द्रु तरकारी बनाई राखेको छ । साह्रै मिठो लाग्यो । कोठामा आएर टी.भी. हेरें । टी.भी.ले समाचार दियो । आज संसदमा भएको निर्वाचनमा झलनाथ खनालले ३६८ मत, रामचन्द्र पौडेलले १२२ मत, विजय गच्छदारले ६७ मत लियो । नेमकिपा र उपेन्द्र यादवले चुनाव बहिस्कार गरे । आज पनि नौ बजे सुतें ।

# पर्यापर्यटन प्रवर्द्धन गर्ने क्षेत्र भाडामा लिन ईच्छुक व्यक्ति तथा संस्थाहरुवाट

# प्रस्ताव आव्हान सम्वन्धी पुनः प्रकाशित सूचना

कीर्तिपुर नगरपालिका वडा नं. १४, साविक चोभार भूतखेल गा.वि.स. वडा नं. ४(घ) अन्तर्गत पर्ने ईश्वरी राजमार्ग छेउ, ईश्वरी मार्गमा जोडिएको सशस्त्र प्रहरी चेक प्वाईन्टवाट आदीनाथ मन्दिर उक्लने विन्दुको पूर्वी भागमा वाटोको लेभलमा रहेको करीव २ रोपनी जग्गा आदीनाथ एवं जलविनायक सा.व.उ.समूहवाट सामूहिक रुपमा चोभार क्षेत्रको पर्यापर्यटन प्रवर्द्धन गर्न उपयोग गर्ने निर्णय भएको छ। उक्त प्रस्तावित स्थानमा हरियाली निर्माण सहित अस्थायी पूर्वाधारहरु तयार गरी पर्यटक स्तरिय रेष्टुरेन्ट, फेमिली रिसोर्ट, सोभनियर सप वा क्यूरियो पसल संचालन कार्य गर्न ईच्छुक सामाजिक, सामुदायिक वा निजी क्षेत्रको कुनै संस्था वा व्यक्तिहरुवाट कार्यदलवाट पछि फिर्ता नहुने गरी रु १,०००।– मा विक्री गरिने फाराम भरी मिति २०७०/०३/२३ गते भित्र कीर्तिपुर–१४, जलविनायक स्थित प्रगतिशील वचत तथा ऋण सहकारी संस्था लि. मा रहेको संयुक्त कार्यदलको वचत खातामा रु. ५,०००।– नगद धरौटी रकम दाखिला गरेको भौचर/रसीद सहित निम्न विवरण सहित सिलवन्दी प्रस्ताव आव्हान गरिएकोमा प्राप्त प्रस्तावहरु कायम नै राखी आगामी आषाढ ३२ गते कार्यालय समय सम्मको लागि म्याद थप गरिएकोछ। रिट नपुगेका प्रस्ताव अस्विकृत गरिनेछ। प्रस्तावका विषयमा संयुक्त कार्यदलले गरेको निर्णय अन्तिम हुनेछ।

आवश्यक कागजात:

क) प्रस्तावक प्राकृतिक व्यक्ति भएमा, नेपाली नागरिकताको प्रमाण पत्र, व्यवसायको कार्ययोजना,

ख) प्रस्तावक कानूनी व्यक्ति वा संस्था भएमा, संस्था दर्ताको प्रमाण पत्र, विधान, नियमावली, आन्तरिक राजश्व कार्यालयको दर्ता प्रमाण पत्र, कर चुक्ता प्रमाण पत्र, संस्थाको निर्णय, अख्तियारी, अख्तियारी प्राप्त गर्ने व्यक्तिको नागरिकताको प्रमाण पत्र ।

**संयुक्त कार्यदल**

आदीनाथ तथा जलविनायक सामुदायिक वन उपभोक्ता समूह

जलविनायक सा.व.समूहको कार्यालय, जलविनायक

सम्पर्क ४३३५९२५

पत्रिकाको १ सय औ अंक र उपन्यास विमोचन

कीर्तिपुर सन्देश साप्ताहिकको १०० औ अंक र उपन्यासकार नजरराम महर्जनको नेपाल भाषाको ९ औ उपन्यास जि सतः मखु (म धर्मशाला होइन) गत असार २१ गते एक समारोहका बीच कीर्तिपुरमा विमोचन भयो । सस्कृतिविद् एवम् नेपालभाषा एकेदेमिका चान्सलर सत्यमोहन जोशीले उपन्यास र सङ्घीय समाजवादी पार्टीका महासचिव राजेन्द्र श्रेष्ठले पत्रिका विमोचन गर्नुभयो । उपन्यासकार एवम् कीर्तिपुर साप्ताहिकका प्रकाशक नजरराम महर्जनको सभापतित्वमा भएको सो कार्यक्रममा कीर्तिपुर सन्देश साप्ताहिकका सम्पादक श्रीकृष्ण महर्जनले स्वागत मन्तव्य राख्नु भएको सो समारोहमा प्रमुख अतिथि संस्कृतिविद् सत्यमोहन जोशीले कुनै पनि साहित्यकारले आफ्नो भावना, अनूभुति प्रस्तुत गर्नका लागि सबैभन्दा राम्रो माध्यम आफ्नो मातृभाषा हुने बताउनु भयो । मातृभाषामा साहित्य सिर्जना गर्नु पर्ने कुरामा जोड दिदै मातृभाषाबाट साहित्य सिर्जना गरेतापनि अन्तर राष्ट्रिय स्तरका विभिन्न पुरस्कार जित्न सक्ने बताउनु भयो । सो कार्यक्रममा अतिथिको आसनबाट सङघीय समाजवादी पार्टीका महासचिव राजेन्द्र श्रेष्ठले अहिलेको अवस्थामा पहिचान, सङ्घीयता र गणतन्त्रका पक्षधरहरु एक भएर अगाडि बढ्नु पर्ने बताउनु भयो । उहाँले सञ्चार क्षेत्रबाट पनि मुलुकको आवश्यकतालाई ध्यानमा राखेर समाचारहरु सम्प्रेषण गर्नु पर्ने र सञ्चार जगत समाजप्रति उत्तरदायी हुनुपर्ने कुरामा जोड दिनु भयो । कार्यक्रममा शिक्षाविद् एवम् साहित्यकार लक्ष्मण राजवंशीले उपन्यासको समीक्षा गर्नुभएको थियो । कार्यक्रममा कीर्तिपुर सन्देश साप्ताहिकका स्तम्भकार, लेखक र विज्ञापनदाताहरुलाई कदरपत्र दिनुका साथै उपन्यास प्रकाशित गर्न आर्थिक सहयोग गर्नु भएको इन्जिनियर दुर्गामान महर्जनलाई सम्मानपत्र प्रदान गरेको थियो ।

कीर्तिपुर सन्देश वाःपौया १०० ल्याः व उपन्यास जि सतः मखु विमोचन

कीर्तिपुर सन्देश साप्ताहिकया सच्छिगु ल्या व उपन्यासकार भाजु नजरराम महर्जनया नेपालभाषाया गुंगुगु उपन्यास जि सतः मखु थौं शुक्रवाः असार २१ गते छगू समारोहया दथुइ विमोचन ज्याभ्वः किपुलिइ जुल । साहित्यकार, पत्रकार नापं स्थानीयवासीतय्गु उपस्थितिइ जूगु उगु ज्याभ्वलय् संस्कृतिविद् नापं नेपालभाषा एकेदमिया चान्सलर सत्यमोहन जोशीं जि सतः मखु उपन्यास व संघीय समाजवादी पार्टीया महासतिव राजेन्द्र श्रेष्ठं कीर्तिपुर सन्देश साप्ताहिक पत्रिका विमोचन यानादीगु खः । उपन्यासकार नापं कीर्तिपुर सन्देश साप्ताहिकाय प्रंकाशक नजरराम महर्जनया सभापतित्वय् जूगु उगु ज्याभ्वलय् कीर्तिपुर सन्देश साप्ताहिकाया सम्पादक श्रीकृष्ण महर्जनं लसकुस न्वचू बियादीगु खः । उगु ज्याभ्वलय् लसकुस न्वचू बिइगु भ्वलय् सम्पादक महर्जनं कीर्तिपुर सन्देश पहिचानया आधारय् संघीयताया नितिं पिकया वयाच्वनागु खः धयादिसें उपन्यासकार महर्जनं आः तकया दुने नेपालभाषाया उपन्यास ब्यलय् यानादीगु योगदानयात कया चर्चा यानादिल । मूपाहां संस्कृतिविद सत्यमोहन जोशीं थःगु मांभाषं साहित्य सृजना यायेमाःगु खँय् बः बियादिसें आःया अवस्थाय् थःगु मांभाषं साहित्य सृजना याःसां नं अन्तर्राष्टिय स्तरया सिरपाःत लाइ धयादिल । बांलाःगु साहित्य सृजना यात धाःसा अन्तर्राष्टिय स्तरया सिरपाःया नितिं सिफारिस यायेत नेपालभाषा एकेदमि तयार दु धकाः नं धयादिल । वय्कलं थःगु भाषं सृर्जना यायेगु द्कले अःपूगु नापं थःगु अनुभूति न्ह्यब्वये फइगु खँ न्ह्यथसें नेवाःतय्सं थःपिनिगु समाज, संस्कृतिया चित्रण याइगु कथंया मौलिक साहित्य सृजना यायेमाः धकाः बः बियादिल ।

उगु ज्याभ्वलय् पाहां संघीय समाजवादी पार्टी नेपालया महासचिव राजेन्द्र श्रेष्ठं आःया अवस्थाय् पहिचान पक्षधर व पहिचान विपक्षतय्गु दथुइ हे धेधेबल्ला जुयाच्वंगु खँ न्ह्यथसें आःया अवस्थाय् नेवाःत पहिचान, संघीयता, गणतन्त्र व धर्म निरपेक्षताया नितिं मंकाः कथं न्ह्याः वनेमाः धयादिल । संचार जगत समाजप्रति उतरदायी जुइमाःगु नापं नेवाः पत्रकारतय्सं नेवाः पहिचान नापं नेवाः स्वायत्त राज्यया नितिं च्वसा न्ह्याकेमाः धकाः बः बियादिल । उगु ज्याभ्वलय् शिक्षाविद् नापं नेपालभाषा एकेदमिया भाइस चान्सलर लक्ष्मण राजवंशी महर्जनया जि सतः मखु उपन्यासयात कयाः समिक्षा यानादिल ।

उगु समारोहलय् उपन्यास पिथनेत माःगु कथंया दां ग्वहालि यानादीम्ह ई. दुर्कमान महर्जनयात मूपाहां जोशीं हना पौ लःल्हानादीगु खः । अथे हे कीर्तिपुर सन्देश साप्ताहिक पत्रिकाय् आः तक नियमित रुपं च्वसु च्वयादीपिं नापं स्तम्भकारतय्त कदरपौ तकं लःल्हाःगु खः । भरत महर्जनं न्ह्याकादीगु उगु ज्याभ्वलय् सम्मनित व्यक्तित्व दुर्कमान महर्जन, कवि राजभाई जकःमि, स्तम्भकार शरवकुमार महर्जनपिन्सं नं थःथःगु नुगः खँ प्वंकादीगु खः ।